**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र ३० गते सोमबार ❑ 15 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रधानमन्त्रीद्वारा युवापुस्ताको चाहनाबमोजिम काम गर्न निर्देशन

**रासस**
काठमाडौं, २९ भाद्र

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले सृजनात्मक युवापुस्ताको सोचबमोजिम भ्रष्टाचार अन्त्य, सुशासन र आर्थिक समानता दिन अठोटका साथ काम गर्न निर्देशन दिनुभएको छ।



सिंहदबारमा आइतबार पदबहालीपछि उच्च पदस्थ कर्मचारीलाई निर्देशन दिँदै उहाँले आफू पदको रसास्वादन गर्न नभई युवाको चाहनाबमोजिम सेवा गर्न आएकाले छ महिनाभित्र निर्वाचनबाट नयाँ संसद्लाई जिम्मेवारी दिने उदेश्यका साथ आएको स्पष्ट गर्नुभयो । "कुन परिस्थितिबाट अन्तरिम सरकार बन्यो यहाँलाई विदितै छ। ठूलो जनधनको क्षति भएको छ। मुख्य निकायका प्रमाण र अभिलेख नष्ट हुँदा शून्यमा पुगेका छौँ । सुरक्षा निकायलाई दिइएका सवार ीसाधन जलेका छन् । हत्याहिंसा भएको छ।

अत्याश्यक निकायलाई छानीछानी आक्रमण गरिएको छ । यसको अनुसन्धान हुन बाँकी छ", उहाँले भन्नुभयो, "नेपाली नै भएर यो काम गरेको हो भने लाज लाग्नुपर्ने हो। यस्तो घटना नेपालमा पहिलो पटक भएको हो। हाम्रा मुख्य भवनहरु अनुहार देखाउन नमिल्ने भएका छन् । यो षड्यन्त्र नियोजित हो कि भन्ने लागेको छ। अनुसन्धान गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।"

प्रधानमन्त्री कार्कीले क्षतिपूर्ति र पुनःनिर्माणका काम देशमा उपलब्ध स्रोतसाधन प्रयोग गरेर बनाउनुपर्छ भन्ने आफूलाई लागेको बताउँदै यो मुलुकविरुद्ध गरेको नृशंस कार्यको एकताबद्ध भएर, जनतालाई गुहारेर सामना गर्नुपर्नेमा जोड दिनुभयो । "म हिजो महाराजगञ्ज जाँदा त्यहाँ जलेको प्रहरीवृत्त बनाउने जिम्मा त्यहाँका व्यवसायीले लिन्छौँ भन्नुभयो, मैले उहाँहरुलाई धन्यवाद दिएँ। हामी सबै यसरी नै मिलौँ । एकलेअर्काको आलोचना नगरौँ । मलाई सहयोग गर्नुहोस् ।"

म ु ख्य स च ि व एकनारायण अर्यालले क्षति

बाँकी अन्तिम पृष्ठमा ▶▶

## व्यावसायिक सुरक्षा सुनिश्चित गर्न पर्यटन व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भाद्र

पोखरा पर्यटन परिषद्ले पर्यटन क्षेत्रमा व्यावसायिक सुरक्षा कायम राख्न माग गरेको छ।

परिषद्का तर्फबाट अध्यक्ष तारानाथ पहारीले आइतबार सार्वजनिक अपिल जारी गर्दै आन्दोलनका नाममा हुने बन्द, हड्ताल, तोडफोड आगजनी जस्ता क्रियाकलापले पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभावित हुने बताउँदै यस क्षेत्रमा व्यावसायिक सुरक्षाका लागि सम्बद्ध सबैसँग आग्रह गर्नुभएको हो।

यही भदौ २३ र २४ गते जेनजीका नाममा भएको प्रदर्शनका क्रममा सार्वजनिक र निजी सम्पत्तिमाथिको तोडफोड, आगजनी तथा लुटपाटका घटनाका सम्बन्धमा परिषद्को गम्भीर ध्यानाकर्षण भएको उहाँको भनाइ छ।

मुलुकमा विदेशी मुद्रा भित्राउने प्रमुख माध्यम पर्यटन उद्योगमाथि भएको प्रहारप्रति परिषद्ले खेद व्यक्त गरेको छ । कोभिड १९ पछि केही लयमा फर्कन लागेको पर्यटन व्यवसायलाई लक्षित गरी पर्यटन व्यवसायीका होटल, रेष्टुरेन्ट तथा पसलहरूमा भएको तोडफोड, आगजनी तथा लुटपाट एवम् पर्यटकीय सवारी साधनहरूमाथि गरिएको तोडफोड तथा आगजनीप्रति परिषद्ले गहिरो दुःख व्यक्त गरेको छ । साथै यसबाट आहत हुनुभएका सम्पूर्ण उद्यमी, व्यवसायीहरू प्रति साहानुभूति प्रकट गरेको छ । परिषद्ले प्रदर्शनका नाममा भएका यस्ता अवाञ्छित क्रियाकलापहरूको निष्पक्ष छानबिन गरी दोषी उपर कडा कानुनी कारबाही गर्न र पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्न माग गरेको छ।

प्रदर्शनका क्रममा ज्यान गुमाएका सम्पूर्ण प्रति श्रद्धाञ्जली अर्पण गर्दै परिषद्ले शोक सन्तप्त परिवारजनमा समवेदना एवम् घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

## मुलुकभरिबाट तीन हजार ७२३ कैदीबन्दी पक्राउ

**रासस**
काठमाडौं, २९ भाद्र

यही भदौ २३ र २४ गते जेनजी प्रदर्शनपछि सिर्जित परिस्थितिका कारण देशभरका विभिन्न कारागारबाट भागेकामध्ये तीन हजार ७२३ कैदीबन्दी पक्राउ परेका छन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले आइतबार मध्याह्नसम्ममा तीन हजार ७२३ कैदीबन्दी पक्राउ गरी कारागामा ल्याइएको जनाउँदै अझै १० हजार ३२० कैदीबन्दी फरार रहेकाले आवश्यक सर्तकता अपनाउन सर्वसाधारणमा आग्रह गर्नुभयो । उहाँका अनुसार कतिपयलाई भारत भाग्न खोजिरहेको अवस्थामा भारतीय प्रहरीले समातेर फिर्ता गरेका छन् भने कतिपय सेना, प्रहरी र सशस्त्र प्रहरीले पक्राउ गरेका हुन् । कतिपय आफैँ फिर्ता भएर कारागार आएका बताउँदै प्रवक्ता घिमिरेले कैदीबन्दीको खोजी अभियान जारी रहेको उल्लेख गर्नुभयो । कैदीबन्दीका बारेमा केही सूचना प्राप्त भएमा नजिकको प्रहरी कार्यालय तथा सुरक्षा निकायमा जानकारी दिन पनि उहाँले सबैमा अनुरोध गर्नुभयो ।

सोही प्रदर्शनका कारण मुलुकभरका प्रहरी कार्यालयका हिरासतबाट फरार भएकामध्ये १३९ जना थुनुवालाई पक्राउ गरिएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार अझै दुई हजार १०० थुनुवा फरार छन्। फरार भएकाहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ । तोडफोड, आगजनी र प्रदर्शनका कारण कैदीबन्दीहरू यही भदौ २४ गते भागेका थिए।

## कास्कीका सरकारी कार्यालयहरुमा सरसफाइ, केही कार्यालयबाट आंशिक सेवा सुरु

**पोखरापत्र संवाददाता**
गण्डकी, २९ भाद्र

कास्कीका सरकारी कार्यालयहरुमा सरसफाई गरिदै छ भने केही कार्यालयबाट आंशिक सेवा सुरु गरिएको छ।



जेनजी आन्दोलनले आगजनीबाट प्रायः ध्वस्त भएका अधिकांश सरकारी कार्यालयहरुमा आइतबार सरसफाई गर्न सुरु भएको छ भने केही कार्यालयबाट आंशिक सेवा सुरु भएको हो।

जिल्ला प्रशासन कार्यालय कास्कीमा सरसफाइ गरी हाल आंशिक सेवा सुरु गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले बताउनु भयो। उहाँका अनुसार आजदेखि मुद्दा दर्ता, शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन सम्बन्धी अत्यावश्यक सेवा सञ्चालनमा ल्याइएको छ । जेनजी आन्दोलनको क्रममा यही भदौं २४ गते भएको आगजनी र लुटपाटका कारण कार्यालयमा ठुलो क्षति पुगेको उहाँले जनाउनु भयो । यसैबिच प्रशासनले सार्वजनिक सूचना जारी कार्यालयबाट अत्यावसेक सेवा सुरु गरिएको उल्लेख गरेको हो । कार्यालयका संरचना र सामग्रीमा ठूलो क्षति पुगेकाले सबै सेवा एकैपटक सञ्चालन गर्न नसकिने र चरणबद्ध रूपमा विस्तार गर्दै लगिने लम्सालले जनाउनुभयो । कार्यालयका अनुसार नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र लगायतका अन्य सेवाहरूलाई पनि क्रमिक रूपमा सुचारु गर्दै जाने र त्यसबारे पूर्व जानकारी गराइने भएको प्रशासनदे जनाएको छ । सम्भव भएसम्म त्यहीका कोठा एवं पाल टाँसेर भए पनि सेवालाई जति सक्दो छिटो छरितो ढंगबाट सेवा प्रवाह गर्ने तयारी गरिएको प्रशासनले जनाएको छ।

त्यसै गरी आन्तरिक राजश्व कार्यालय पोखराले पनि आज सरसफाई गरेको छ।

आन्दोलनको क्रममा आगजनीबाट भएको क्षतिको विवरण संकलन गर्दै आगामी केही दिनमै सेवा संचालन गर्ने तयारी गरिएको कार्यालय प्रमुख शिव ढुंगनाले बताउनु भयो । कार्यालय परिसरमै अस्थायी कार्यालय स्थापना गरेर भए पनि सेवा संचालन गर्ने उहाँले जनाउनु भयो। कास्कीका अन्य सरकारी कार्यालयहरु पोखरामा रहेका अधिकांश आगजनी भएकोले केहीले सरसफाई पछि आंसिक सेवा सुरु गर्नु भएको छ भने केहीले सरसफाई गर्नु भएको छ। यसैबिच, मालपोत कार्यालय कास्कीको सेवा केही दिन अनिश्चित भएको छ। कार्यालयले सूचना जारी गर्दै २४ भदौमा आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीका कारण मोटर, कम्प्युटर, रोखा, फोटोकपी मेसिनसहितका उपकरणमा क्षति पुगेकाले सम्पूर्ण सेवा हाल प्रभावित भएकोले केही समय लाग्ने कार्यालयले जनाएको छ । अर्को सूचना जारी नभएसम्म सेवाग्राहीलाई सेवा लिन कार्यालयमा नआउन आग्रह गरिएको छ । त्यसै गरी यातायात व्यवबस्था कार्यालयमा सोमबार सरसफाई गरी केही दिनमा कार्यालय व्यबस्थापन गरी आंशिक सेवा सुरु गर्ने भएको कार्यालयका बरिष्ठ प्रशासकीय अधिकृत असोक गौतमले बताउनु भयो । पोखरा महानगरपालिका यही असोज ४ गते देखि संचालनमा आउने भएको छ भने केही वडाहरुमा आज सरसफाई गरिएको छ।

## आत्महत्या समस्याको समाधान होइन ।

**आत्महत्याका प्रमुख कारण:**
- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

**रोकथामका उपाय:**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताओ वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं ।

"एक–अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौ"

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## पोखरामा बृहत् मौन शान्ति ऱ्याली गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ भाद्र

पोखरा उद्योग वाणिज्य सङ्घले मुलुकको दिगो शान्तिको कामना एवम् व्यावसायिक सुरक्षाको प्रत्याभूतिका लागि मङ्गलबार पोखरामा बृहत् मौन शान्ति ऱ्याली आयोजना गर्ने भएको छ।

सङ्घको आइतबार सम्पन्न वस्तुगत सङ्घसंस्थाका अध्यक्ष एवं प्रतिनिधिसहितको बैठकले यही भदौ ३१ गते मङ्गलबार बिहान बृहत् मौन शान्ति ऱ्याली आयोजना गर्ने निर्णय गरेको अध्यक्ष गोकर्ण कार्कीले जानकारी दिनुभयो । सङ्घको सचिवालय गैह्रापाटनबाट सुरु भई पोखराको पृथ्वीचोकसम्म हुने मौन ऱ्याली 'जेनजी' आन्दोलनका क्रममा दिवङ्गत भएकाहरूको आत्माको चिरशान्तिको कामना, देशमा भएको अशान्तिको समूल अन्त्य एवम् व्यावसायिक वातावरण निर्माणका निम्ति हुने उहाँले बताउनुभयो । "आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भएको छ । व्यावसायिक प्रतिष्ठानमाथि भएको आक्रमणबाट अर्बौं क्षति पुगेको छ। हामी पुनः उठ्नु छ, तर शान्तिबिना व्यावसायिक वातावरण निर्माण हुन सक्दैन, आत्मबल बढ्दैन। यो ऱ्याली यी दुवै कामका निम्ति हो", अध्यक्ष कार्कीले भन्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जडीबुटीलगायतबाट पौने छ करोड आम्दानी

पोखरापत्र संवाददाता
गण्डकी, २९ भाद्र

जडीबुटीलगायत स्थानीय स्रोत साधनको उपयोगबाट अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले गत आवमा रु पाँच करोड ७७ लाख आम्दानी गरेको छ।

'एक्याप'मा रहेका ५७ संरक्षण क्षेत्र व्यवस्थापन समितिमार्फत उक्त रकम सङ्कलन भएको हो । जडीबुटी, काठदाउरा आदिको सङ्कलन तथा उपयोगबाट हुने आम्दानी स्थानीयस्तरमै संरक्षण गतिविधि र विकास निर्माणका काममा खर्च हुने गरेको आयोजना प्रमुख डा रविन कडरियाले बताउनुभयो।

उहाँका अनुसार प्राकृतिक स्रोतको स्थानीय उपयोगबाट आव २०८०/८१ मा रु तीन करोड ९० लाख सङ्कलन भएको थियो । सोको तुलनामा पछिल्लो वर्ष झण्डै रु दुई करोडले आम्दानी बढेको उहाँले बताउनुभयो । "जडीबुटी, काठदाउरा, ढुङ्गा गिट्टीलगायतको उपयोगबापत संरक्षण क्षेत्र व्यवस्थापन समितिले सो रकम उठाउने गर्छन्", आयोजना प्रमुख डा कडरियाले भन्नुभयो, "सङ्कलित रकमलाई व्यवस्थापन समितिले वार्षिक कार्यक्रम र योजना बनाएर खर्च गर्छन् ।"

अन्नपूर्ण संरक्षण क्षेत्रमा बहुमूल्य यार्सागुम्बालगायत जडीबुटीको सङ्कलन तथा निकासी हुँदै आएको छ । जडीबुटीबाट स्थानीयको आयआर्जनमा महत्त्वपूर्ण टेवा पुगेको छ। 'एक्याप'ले प्राकृतिक स्रोतसाधनको उपयोग र संरक्षणसम्बन्धी सचेतना अभियान सञ्चालन गर्दै आएको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । पर्यटक प्रवेश शुल्कलगायतबाट हुने आम्दानीलाई संरक्षण गतिविधि र पर्यटन प्रवर्द्धनका कार्यक्रममा खर्च गर्ने गरिएको उहाँको भनाइ छ । 'एक्याप'ले पदमार्ग, फोहर व्यवस्थापन, साना सिँचाइ, खानेपानी आयोजना निर्माण, आयआर्जन, संरक्षण शिक्षालगायतका गतिविधि सञ्चालन गर्दै आएको छ । यस क्षेत्रको भ्रमणमा आउने विदेशी पर्यटकको प्रवेश शुल्कबाट मात्र वार्षिक करोडौँ रुपैयाँ राजस्व सङ्कलन हुने गरेको छ । 'एक्याप'भित्र पर्ने निषेधित क्षेत्रमा अनुमति लिएर भ्रमण गर्ने पर्यटकले तिर्ने शुल्कबाट पनि राज्यकोषमा योगदान पुग्दै आएको छ।

विदेशी नागरिकका लागि निषेधित उपल्लो मुस्ताङ र मनाङको नार फू क्षेत्रमा प्रवेश गरेका पर्यटबाट गत आवमा रु ३० करोड १७ लाख ५२ हजार प्रवेश शुल्क उठेको थियो । सरकारले तिब्बतसँग नाका जोडिएका क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ । ती क्षेत्रको भ्रमणमा जाने विदेशी पर्यटकले अनुमति लिनुपर्ने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने उपल्लो मुस्ताङ र मनाङको नार फू क्षेत्रमा अधिकांश पर्यटक पदयात्राका लागि जाने गरेका छन् ।



माझिकुना तैरिँदै गरेको डुङ्गा : पोखरा महानगरपालिका-३१ सुन्दरी डाँडानजिकै भन्ज्याङबाट देखिएको बेगनास तालबाट माझिकुना तैरिँदै गरेको डुङ्गा र आसपासका क्षेत्र। तस्बिरः देवेन्द्र गुरुङ/रासस

# इन्टरयाक्ट लेकसाइडको अध्यक्षमा मदरल्याण्डका निर्देश

पोखरापत्र संवाददाता
गण्डकी, २९ भाद्र

इन्टरयाक्ट क्लव अफ पोखरा लेकसाइडको पाँचौ पदस्थापना समारोहवाट निर्देश वाँस्तोला अध्यक्षमा चयन भएका छन् ।

अध्यक्ष वाँस्तोला मदरल्याण्ड स्कूलमा विज्ञान विषय लिएर कक्षा १२ पढ्दै छन्। हालै सम्पन्न भएको पदस्थापनावाट निवर्तमान अध्यक्षमा सुयोग अधिकारी, उपसभापति द्धयमा मृदुल जंग पाण्डे र सम्पदा लम्साल, सचिवमा दिव्या पराजुली, सहसचिवमा अमिर चौधरी, कोषाध्यक्षमा ज्ञापन वराल, सह कोषाध्यक्षमा रक्षा अधिकारी, प्रमुख सम्पादकमा श्रीस पौडेल चयन भएका छन् । त्यसैगरी सह सम्पादकमा विराज सुवेदी, इभेन्ट कोर्डिनेशन चियर सुजल सिलवाल, क्लव मेम्वरसिप चियरमा प्रिरिका बराल, क्लव सर्भिस निर्देशकमा आशोतोस



सुद, कम्युनिटी सर्भिस निर्देशकमा सम्बोदन कुँवर, प्रोफेसनल सर्भिस निर्देशकमा निश्चल बाँस्तोला, अन्तराष्ट्रिय सर्भिस निर्देशकमा कृपा वराल, पव्लिक रिलेशन निर्देशकमा बिभुती पाण्डे, मिडिया हेडमा मञ्जील अर्याल, आइटी हेडमा विशाल लम्साल, आइटी अफिसरमा रिवाज आचार्य, सर्जेन्ट एट आम्समा अदिति पराजुली, इभेन्ट कोर्डिनेशन चियर सिद्धार्थ थापा, इभेन्ट कोर्डिनेशन सदस्य शिष्टता अधिकारी, इभेन्ट कोर्डिनेशन एलभिना वराल र इभेन्ट कोर्डिनेशन सदस्य मञ्जील वराल रहेका छन् ।

डिआइआर शुसान अधिकारीले कार्यक्रमको उद्घाटन गरेका थिए । इन्टरयाक्ट क्लव अफ पोखरा लेकसाइडका निवर्तमान अध्यक्ष सुयोग अधिकारीले आफ्नो कार्यकालमा सम्पन्न भएको कार्यक्रमको जानकारी दिएका थिए भने अध्यक्ष निर्देश वाँस्तोलाले आफ्नो कार्यकालको भावी योजनाहरु प्रस्तुत गरे । इन्टरयाक्ट क्लव अफ पोखरा लेकसाइडका पूर्व अध्यक्ष आइसा कार्कीले नयाँ कार्यसमितिलाई शुभकामना दिएकी थिइन् ।

त्यसैगरी अध्यक्ष निर्देश वाँस्तोलाको परिचय साहित्यमय लयमा रोटरी क्लव अफ पोखरा लेकसाइडका पूर्व अध्यक्ष शोभाकान्त सिग्देलले दिए । रोटरी क्लव अफ पोखरा लेकसाइडका अध्यक्ष राजेन्द्र लिगलले युवाहरु सदैव सकारात्मक सोच लिएर अगाडि बढ्नु पर्ने धारणा राखे । डिष्ट्रिक्ट ट्रेनर शुसान्त ज्ञवालीले तालिमको महत्व वारे प्रकाश पारेका थिए । कार्यक्रम संचालन क्लवका सचिव दिव्या पराजुली र सिद्धार्थ थापाले संचालन गरेको कार्यक्रममा सवैलाई मन्त्रमुग्ध पारेका थिए ।

# मरिचका बिरुवा बेचेर मनग्य आम्दानी

रासस
गण्डकी, २९ भाद्र

पोखरा महानगरपालिका-२८ स्याङखुदी टारीका किसान सूर्यमोहन बाँस्तोलाले यस वर्ष मरिचका बिरुवा बिक्रीबाट रु दुई लाख ७५ हजार आम्दानी गर्नुभएको छ । अमृतकुञ्ज पर्माकल्चर अर्ग्यानिक फार्ममा उत्पादित एक हजार एक सय बिरुवा बिक्री गरेर उहाँले उक्त आम्दानी गर्नुभएको हो।

फार्ममा उत्पादन भएका बिरुवा पोखरा महानगरपालिका, पोखरा-१९ पुरन्चोरस्थित ठुलढुङ्गा सामुदायिक वन उपभोक्ता समूह, माछापुच्छ्रे गाउँपालिकाका किसान तथा अन्य व्यक्तिले खरिद गरेका बाँस्तोलाले जानकारी दिनुभयो । रोग कीराको प्रकोप नहुने, बाँदर र असिनापानीले पनि खासै असर नगर्ने मरिचखेतीबाट मनग्य आम्दानी हुनुका साथै वन तथा वातावरण संरक्षणमा पनि महत्त्वपूर्ण सहयोग पुग्ने उहाँको भनाइ छ। महानगरले खरिद गरेका बिरुवा यसै वडाका किसानलाई वितरण गरिएको छ।

साढे तीन दशकअघि भण्डार ढिक्काका आत्रय गुरुसँग दुई बिरुवा खरिद गरेर ल्याएर मरिचखेती गरेको उहाँले बताउनुभयो। अहिले फैलिएर एक सयभन्दा बढी रुखबाट उत्पादन



दिइरहेको बाँस्तोलाले बताउनुभयो। "मरिचको बिरुवा प्रतिबिरुवा रु दुई सय पचासका दरले बिक्री गर्दै आएको छु। आगामी वर्षका लागि दुई हजार बिरुवा उत्पादन गरेर रु पाँच लाखभन्दा बढी आम्दानी गर्ने तयारी छ", उहाँले भन्नुभयो। घर वरिपरिको भिरालो पाखो जमिनमा हुर्केका साल, आँप, चिलाउने, कटुस, कल्की, फलेदो, कटहरलगायत विभिन्न प्रजातिका एक सयभन्दा बढी हरिया रुखका फेदमा लगाएका मरिचका बोटले निरन्तर फल दिँदै आएको बाँस्तोलाले बताउनुभयो। उत्पादित फल बिक्रीबाट वार्षिक रु एक लाखदेखि रु तीन लाखसम्म आम्दानी हुने गरेको छ । सुकाएको मरिच प्रतिकिलो रु दुई हजारमा खरिद गर्न व्यापारी घरमै आउने गरेका छन् । लगभग ३० रोपनी क्षेत्रफलमा फैलिएको बाँस्तोलाको फार्ममा विभिन्न प्रजातिका जडीबुटी, अगरउड, रक्तचन्दन, रातोकेरा, सितलचिनी, फलफूललगायत बोटबिरुवा हुर्केका छन् । सरकारीस्तरबाट हालसम्म कुनै पनि सुविधा प्राप्त नभएको उहाँले बताउनुभयो । पाकेको मरिचको गेडालाई एक दिनसम्म पानीमा भिजाउने र गाईको गोबरसँग मिसाएर राम्ररी रगडी पखालेर तयार भएको बीउलाई नर्सरी ब्याडमा रोपिन्छ । यो एक महिनाभित्र उम्रिन्छ र डेढ महिनामा रोप्नका लागि तयार हुन्छ। मरिचलाई कलमी, बडिङ, ग्राफटिङ, कटिङ (जरा र काण्ड) द्वारा प्रसारण गरिन्छ । माघ-फागुनतिर माउबोटबाट दुईदेखि तीनवटा आँख्ला भएको हाँगा काटेर रोपिन्छ। कलमीलाई चाहिँदो छायाँ र पानी दिनुपर्दछ। लहरेबाली मरिचले फल दिन सुरु गरेको २० वर्षसम्म लगातार उत्पादन दिन्छ।

मरिच विशेषगरी न्यानो, आद्र, हावापानी र बढी वर्षामा हुने, उष्ण प्रदेशीय बाली हो। पहाडी क्षेत्रको न्यानो तथा बढी आद्रता भएको ठाउँमा पनि यसको व्यावसायिक खेती गर्न सकिन्छ। समुद्री सतहदेखि एक हजार ५०० मिटरसम्म खेती गर्न सकिन्छ । कालो मरिचको प्रयोग विभिन्न परिकारमा मसला, आयुर्वेदिक औषधिजस्ता खाना, कल्लुवली, पन्नियुर, चेरियाकानियाकाडन र कोरिमुण्डालगायतका पर्दछन् । खाना पचाउने, भोक लाग्ने, खोकीको उपचार, श्वासप्रश्वास र मुटुरोगका लागि प्रयोग गरिनुका साथै दन्तमञ्जन तथा टुथपाउडरमा समेत प्रयोग हुने गरेको छ। विश्वमा अत्यधिक प्रयोग गरिएका जातहरूमा वेलानकोट्टा, कोट्टनदान गुणस्तरीय मानिन्छन् भने पन्नियुर हाइब्रिड जातमा पर्दछन्।

यसको सम्भाव्यता अध्ययन गरेर नेपालका सामुदायिक वन क्षेत्रमा समेत लगाउने हो भने वन समूहको आम्दानीको स्रोत बन्नुका साथै विदेशी मरिच आयातलाई समेत विस्थापित गर्न सकिन्छ।

# पोखरामा सार्वजनिक यातायात सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, २९ भाद्र

जेनजी आन्दोलनका क्रममा भएका आगजनी, तोडफोडजस्ता घटनाका कारण असामान्य बनेको कास्कीको जनजीवन सामान्य बन्दै गएको छ।

सरकारी निकायबाट प्रदान गरिने सेवा प्रवाह आंशिक रूपमा सञ्चालन गर्नेगरी तयारी थालिइसकिएको छ । फोहरलाई सरसफाइ गर्ने काम थालिसकिएको छ। सार्वजनिक सेवा प्रवाहलाई सुरु गराउनका लागि कार्यालयले आआफ्ना तयारी थालिसकेको कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिनुभयो । सेवा प्रवाहकै सन्दर्भमा आज जिल्लास्थित कार्यालय प्रमुखहरूको बैठक पनि राख्न लागेको जानकारी दिँदै उहाँले सेवा प्रवाह सुरु गर्ने सक्ने कार्यालयले अत्यावश्यक सेवा सुरु गरिसकेको बताउनुभयो । गण्डकी प्रदेशको राजधानीसमेत रहेको पोखरास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशसभा, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयलगायत सानाठूला गरी करिब ८० कार्यालयमा आन्दोलनका क्रममा आगजनी तथा तोडफोड भएको छ । केही दिनयता सुरक्षा अवस्थालाई दृष्टिगत गरी लगाइएको निषेधाज्ञा एवं कर्फ्यू शनिबारदेखि खुला गरिएसँगै पोखरामा व्यापार व्यवसाय एवं सार्वजनिक यातायातहरू पूर्ववत् सञ्चालनमा आउन थालेका छन् । आन्दोलनकै कारण बन्द भएका शैक्षिक संस्था सञ्चालन गराउने तयारी गरिएको छ।

पोखरा महानगरपालिका नगर कार्यपालिकाको शनिबार बसेको बैठकको निर्णयअनुसार महानगरभित्रका सम्पूर्ण विद्यालय असोज १ गतेदेखि सञ्चालनमा ल्याउने निर्णय भएको महानगरपालिका शिक्षा महाशाखाका निर्देशक हेमप्रसाद आचार्यले जानकारी दिनुभयो ।

# कास्की, चितवन र म्याग्दी कारागारबाट फरार आठ कैदीबन्दी पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, २९ भाद्र

जिल्ला प्रहरी कार्यालय बागलुङ्ले विभिन्न कारागार र बालसुधारगृहबाट फरार भएका आठ जना थुनुवा तथा कैदीबन्दीलाई पक्राउ गरेको छ।

प्रहरीले बालसुधार केन्द्र सराङकोट, चितवन कारागार, पोखरा कारागार, म्याग्दी कारागार र केन्द्रीय कारागारबाट फरार भएका बन्दी तथा थुनुवालाई पक्राउ गरेको हो । बालसुधार केन्द्र सराङकोटबाट फरार भएका चार तथा चितवन, पोखरा, म्याग्दी र केन्द्रीय कारागारबाट फरार भएका एक/एक जना बन्दीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वसन्त पाण्डे जानकारी दिनुभयो ।

पक्राउ परेकामध्ये अधिकांशलाई मालढुङ्गा चेकपोष्ट र केहीलाई घरबाट नियन्त्रणमा लिएको उहाँले बताउनुभयो । पक्राउ परेका केहीलाई सम्बन्धित कारागारमा पठाएको जनाउँदै प्रहरी नायब उपरीक्षक पाण्डेले केहीलाई बागलुङमा राखिएको बताउनुभयो । उहाँका अनुसार पक्राउ परेका चार कैदी र चार जना थुनुवा छन् । उहाँले भन्नुभयो, "जेनजी प्रदर्शनका क्रममा कारागारबाट धेरै कैदीबन्दी फरार भएका छन्, फरार भएकाहरूलाई बागलुङबाट पनि पक्राउ गरिरहेका छौँ, अहिले पक्राउ परेका आठमध्ये छ जना जबर्जस्ती करणी र दुई जना ज्यान मुद्धाका आरोपी हुन्, निजहरूलाई सम्बन्धित कारगारमा पठाइरहेका छौँ ।"

# प्रधानमन्त्रीद्धारा ...

भएका सरकारी संरचनाको पुनःस्थापना गरी सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने चुनौती रहेको बताउनुभयो। उहाँले सबै जिल्लाका सरकारी कार्यालय र सुरक्षा निकायका भवनमा क्षति भएको जानकारी दिँदै पुनःसंरचनाका लागि बजेटको व्यवस्था गरी प्राथमिकताका आधारमा पुनःनिर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जेनजी समूहको यही भदौ २३ र २४ गतेको आन्दोलनपछिको उत्पन्न स्थितिपछि यही भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त हुनुभएका कार्कीले आइतबार गृह मन्त्रालयका लागि निर्माण गरिएको भवनमा पदबहाली गर्नुभएको हो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग अोजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

